## सम्वत् २०८३ साल वैशाख १५ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः

१. मन्त्रिपरिषद्, आर्थिक, सामाजिक तथा पूर्वाधार समितिको बैठकबाट परिमार्जन भई पेस भएको कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८३ स्वीकृत गर्ने।

२. कोशी प्रदेश सरकारको तर्फबाट खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय र आमादब्लम मिनि हाइड्रो लिमिटेडबीच हुने आयोजना विकास सम्झौता (PDA) स्वीकृत गर्ने विषयमा मन्त्रिपरिषद्, आर्थिक, सामाजिक तथा पूर्वाधार समितिबाट प्राप्त सुझाव समेतका आधारमा देहाय बमोजिम गर्ने गरी व्यवस्था मिलाउनेः-प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम स्थापित कम्पनीमा प्रदेश सरकारले शेयर लगानी गर्ने सम्बन्धमा शेयर लगानीको कानूनी व्यवस्था र लगानीबाट प्राप्त हुने प्रतिफल तथा जोखिम बाँडफाँडको खाका स्पष्ट नभएकोले शेयर लगनी खाका तयार गर्ने, साथै संभावित लगानीको विकल्पमा खुम्बु पासाङल्हामु गाउँपालिकाले शेयर लगानीको सट्टा अमादब्लम मिनि हाइड्रो परियोजनामा लाभलागतका आधारमा विद्युतीकरण विस्तार कार्य अगाडि बढाइ रहेको हुँदा स्थानीय तहको साझेदारीमा विद्युतीकरण तथा प्रसारण लाइन विस्तार गर्ने कार्यका लागि लाभलागत साझेदारीमा वित्तिय हस्तान्तरण गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयको समन्वयमा खानेपानी, सिँचाई तथा उर्जा मन्त्रालयले व्यवस्था मिलाउने।

३. प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको रिक्त कार्यकारी निर्देशकको पदमा अर्को व्यवस्था नभए सम्मका लागि प्रदेश सचिव नारायण प्रसाद रिसाललाई कामकाज गर्न थप जिम्मेवारी तोक्ने।

४. प्रदेश निजामती कर्मचारीको पोसाक सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने।

५. सहसचिव, बिष्णु प्रसाद कोइराला (कर्मचारी सङ्केत नं. १८६४८२) लाई प्रदेश योजना आयोगको रिक्त प्रदेश सचिवको पदमा पदस्थापना गरी कामकाजमा खटाउने।

६. कोशी प्रदेश आपतकालीन सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ लाई मन्त्रिपरिषद्, आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा छलफल गरी पेस गर्ने।

## सम्वत् २०८३ साल वैशाख २८ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः

१. प्रदेश मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भई पेस भएको “विपद् खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यविधि, २०८३” स्वीकृत गर्ने।

२. मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन गरेको “प्रदेश बीउ बिजन नियमावली, २०८३" स्वीकृत गर्ने।

३. मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन गरेको “प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८३" स्वीकृत गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

४. आ.व. २०८२/८३ को लागि उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश मातहतका निकायहरुको अस्थायी दरवन्दी स्विकृत गर्ने।

५. मिति २०८२/०५/२३ र २४ गते जेन-जी आन्दोलनको क्रममा भएको आगजनी तथा तोडफोडबाट क्षति भएका भौतिक संरचना, सवारी साधन, अन्य साधन र मेशिनरी औजार लगायतका कार्यालय समानको मिनाहा गर्ने विषयमा निर्णय।

६. प्रदेश खेलकुद (पहिलो संशोधन) अध्यादेश, २०८३ जारी गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने।

७. प्रदेश योजना आयोगका सदस्य नारायण कोईरालाको संयोजकत्वमा वृहत् विराट क्षेत्र विकास समितिको प्रमुख कार्यकारी निर्देशक छनौट तथा सिफारिस समिति गठन गर्ने।

८. स्वास्थ्य मन्त्रालयः विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यविधि, २०८३ स्वीकृत गर्ने।

## सम्वत् २०८३ साल वैशाख ३१ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. कोशी प्रदेश तथ्याङ्क नियमावली, २०८२ लाई मन्त्रिपरिषद्, आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा छलफल गरी पेस गर्ने।

२. कोशी योजना आयोग (गठन तथा सञ्चालन) (पहिलो संशोधन) आदेश, २०८३ स्वीकृत गर्ने।

३. कोशी योजना आयोगको रिक्त सदस्य पदमा सुनसरी, धरान उपमहानगरपालिका वडा नं. १५ बस्ने श्री मनिता घिमिरेलाई नियुक्त गर्ने।

४. सहसचिव, रामकृष्ण अधिकारी (कर्मचारी सङ्केत नं. १८२६९१) लाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको रिक्त प्रदेश सचिवको पदमा पदस्थापना गरी कामकाजमा खटाउने।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयः कोशी प्रदेश आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०८३लाई मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेस गर्ने।

६. नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम कोशी प्रदेश सभाको नवौं अधिवेशन मिति २०८३।०२।०६ गते बुधबार दिनको १:०० बजे विराटनगर महानगरपालिका वडा नं. ७ स्थित वीरेन्द्र सभागृहमा आह्वान गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*